वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

स्तरवृद्धिका लागि आवेदन फारम पेश गर्ने सम्वन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०८२/०३/२६)

स्तरवृद्धि सूचना नं. ०२।०८१।०८२

प्रस्तुत विषयमा कर्णाली प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २६ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को परिच्छेद-६ को नियम २९ मा व्यवस्था भए वमोजिम योग्यता पुगेका स्थायी कर्मचारीहले नियमावलीको अनुसूची-१८ वमोजिम फारम भरी तपसिल वमोजिमका कागजात सहित यही मिति २०८२।०३।३२ गते कार्यालय समय भित्र र उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनमा कार्यालय समयमा पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

१. जुन तहमा स्तरवृद्धि हुन चाहेको हो सो भन्दा एक तह मुनिको पदमा ५ (पाँच) वर्ष सेवा अवधि पुगेको प्रमाण खुल्ने कागजात (शुरु स्थायी नियुक्ति पत्र/बढुवा नियुक्ति पत्र/समायोजन पत्र/पदस्थापना पत्रको प्रमाणित प्रतिलिपि) ।
२. न्यूनतम शैक्षिक योग्यता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
३. पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन फारम ।

.....

लक्ष्मी प्रसाद वास्कोटा

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री सूचना प्रविधि शाखा- वीरेन्द्रनगर नगरपालिका, सुर्खेतको Website र Facebook Page पेजमा अपलोड गरिदिनु हुन ।

वेवसाईट ठेगाना- www.birendranagarmun.gov.np ई-मेल ठेगाना:- ito.birendranagarmun@gmail.com टेलिफोन नं.. ०८३-५२०७४९